# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, जेठ २६ गते, २०६७ साल अतिरिक्ताङ्क ५(ख+१)

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना

### युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०६७

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली,२०६५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०६७" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम २ मा संशोधन:** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली,२०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपिएका छन :-

"(छ) "उपाध्यक्ष" भन्नाले नियम ८क. बमोजिम नेपाल सरक द्वारा नियुक्त कोषको उपाध्यक्ष सम्झनु पर्छ ,

(ज) "कार्यकारी निर्देशक" भन्नाले नियम २३ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम ६ मा संशोधन:** मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ:-

"६. **समितिको गठन:** (१) कोषको सञ्चालन र रेखदेख गर्नको लागि कोषमा एक सञ्चालक समिति रहनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहने छन् :-

| | | |
|---|---|---|
| (क) | अर्थ मन्त्री | -अध्यक्ष |
| (ख) | नेपाल सरकारद्वारा नियुक्त व्यक्ति | -उपाध्यक्ष |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने), | -सदस्य |
| (घ) | गभर्नर, नेपाल राष्ट्र बैंक | -सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (च) | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, युवा तथा खेलकुद मन्त्रालय | -सदस्य |
| (ज) | वरिष्ठ आर्थिक सल्लाहकार, अर्थ मन्त्रालय | -सदस्य |
| (झ) | अध्यक्ष, बीमा समिति | -सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |



१३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) अध्यक्ष, नेपाल बैंकर्स एशोसिएशन -सदस्य

(ठ) अध्यक्ष, नेपाल बीमक संघ -सदस्य

(ड) अर्थ मन्त्रालयले तोकेको सो मन्त्रालयको सह-सचिव -सदस्य

(ढ) कार्यकारी निर्देशक -सदस्य-सचिव

४. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को खण्ड (छ) पछि देहायका खण्ड (छ१) र (छ२) थपिएका छन :-

"(छ१) बैंक तथा वित्तीय संस्थाले युवा स्वरोजगार कार्यक्रममा लगानी गर्ने वातावरण बनाउन स्थानीयस्तरमा सहयोगी संस्थाहरूको संयन्त्र निर्माण गर्ने,

(छ२) कोषको काम कारबाहीका सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने ।"

५. मूल नियमावलीमा नियम ८क. थपः मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छः-

"८क. उपाध्यक्ष सम्बन्धी व्यवस्थाः (१) कोषमा एक जना उपाध्यक्ष रहनेछ ।

(२) उपनियम (५) बमोजिमको सिफारिस समितिबाट सिफारिस भएका व्यक्तिहरू मध्येबाट एक जनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले उपाध्यक्षमा नियुक्त गर्नेछ ।

(३) उपाध्यक्ष कोषको पूर्णकालीन पदाधिकारी हुनेछ ।

(४) उपाध्यक्षको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्य शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) कुनै राजनैतिक दलको सदस्य नरहेको,



६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पैंतालीस वर्ष उमेर पूरा भएको ।

(५) उपाध्यक्षको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष -संयोजक

(ख) राष्ट्रिय योजना आयोगको (रोजगारी विषय हेर्ने) सदस्य -सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(६) उपनियम (५) बमोजिमको सिफारिस समितिले उपनियम (४) बमोजिमको योग्यता पुगेका व्यक्तिहरूमध्येबाट उपाध्यक्षको लागि तीन जनाको नाम सिफारिस गर्नेछ ।

(७) उपाध्यक्षको कार्यावधि बढीमा दुई वर्षको हुनेछ र निजको पुन: नियुक्ति हुन सक्नेछ ।

(८) उपाध्यक्षको काम कारबाही सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(९) उपनियम (८) बमोजिम हटाउनु अघि उपाध्यक्षलाई आफ्नो सफाईको सबूद पेश गर्ने मौका दिनु पर्नेछ ।

(१०) उपाध्यक्षको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(११) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको बैठकमा पेश गर्नु पर्ने विषयसूची स्वीकृत गर्ने,

(ग) कोषमा जम्मा भएको रकमको उच्चतम उपयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बैंक, वित्तीय संस्था र अन्य सरोकारवालासँग समन्वय गर्ने ।

(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नागरिक जीवनमा असाधारण प्रतिभा देखाएका व्यक्तिलाई उपनियम (४) को खण्ड (ख), (ग) र (घ) को योग्यता लागू नहुने गरी उपनियम (५) बमोजिमको सिमितिको सिफारिसमा मन्त्रिपरिषद्ले उपाध्यक्षको नियुक्ति गर्न सक्ने छ ।"

६. **मूल नियमावलीको नियम २२ मा संशोधनः** मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छः-

"२२. **कोषको सचिवालयः** (१) कोषको एउटा सचिवालय हुनेछ ।

(२) उपनियम (१) बमोजिमको सचिवालय काठमाडौं उपत्यकामा रहने छ ।"

७. **मूल नियमावलीको नियम २३ मा संशोधनः** मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छः-

"२३. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) कोषमा एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) समितिले उपनियम (४) वमोजिमको योग्यता पुगेका व्यक्तिहरूमध्येवाट खुल्ला प्रतिस्पर्धात्मक प्रकृयाद्वारा कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकले उपाध्यक्षको सामान्य निर्देशनमा रही कोषको प्रशासकीय प्रमुखको रूपमा काम गर्नेछ ।

(४) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन शास्त्र, वाणिज्य वा जन–प्रशासन



६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) सरकारी वा गैरसरकारी संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा दश वर्ष काम गरेको ।

(५) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले सन्तोषजनक रूपमा कार्य सम्पादन गर्न नसकेमा वा कोषको हित विपरित कुनै काम गरेमा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(७) उपनियम (६) बमोज़िम पदबाट हटाउनु अघि कार्यकारी निर्देशकलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(८) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) कोषको वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(ख) कोषको दैनिक प्रशासन तथा कर्मचारी प्रशासन गर्ने र कर्मचारीको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने,

(ग) कोषको हिसाबको लेखा राख्न लगाउने, लेखा परीक्षण गराउने, वेरूजू फछ्र्यौट गराउने,

(घ) आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र कोषको वित्तीय विवरण सार्वजनिक गर्ने, गराउने,

(ङ) समितिको निर्णय प्रमाणित गर्ने,

(च) समितिले तोकेको अन्य काम गर्ने ।



23
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा समितिले तोकिदिए बमोजिम हुनेछ ।"

८. <u>मूल नियमावलीको नियम २४ मा संशोधन:</u> मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छः-

"२४. <u>सचिवालयमा रहने कर्मचारी:</u> (१) सचिवालयका कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको सुविधा तोक्दा समितिले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ मन्त्रालयले सो मन्त्रालयको कुनै कर्मचारीलाई कोषको काम गर्ने गरी तोक्न सक्नेछ ।"

**आज्ञाले,**
**रामेश्वरप्रसाद खनाल**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.ह.द.नं. १६।०६३।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, जेठ २७ गते २०६७ साल (आतारिक्ताङ्क ५(ग)


## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

माननीय उप-प्रधानमन्त्री तथा भौतिक योजना तथा निर्माण मन्त्री श्री विजयकुमार गच्छेदार आँखा उपचारको सिलसिलामा मिति २०६७।२।२६ मा भारतको नयाँ दिल्लीतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको भौतिक योजना तथा निर्माण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री शरतसिंह भण्डारीले सम्हाल्ने गरी तोक्नु भएको छ ।

### सूचना २

माननीय रक्षा मन्त्री श्री विद्यादेवी भण्डारी स्वास्थ्योपचारको सिलसिलामा मिति २०६७।२।२६ मा भारतको नयाँ दिल्लीतर्फ प्रस्थान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय गृह मन्त्री श्री भीमबहादुर रावलले सम्हाल्ने गरी तोक्नु भएको छ ।

आज्ञाले,
माधवप्रसाद घिमिरे
मुख्य सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द. नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।